बैठक नं. ३३

आज मिति २०८० साल फागुन २९ गते मंगलबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री राज कुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, का.वा.अध्यक्ष वडा नं. १ | श्री हरेराममहर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रूपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | संदस्य | श्री जमुना महर्जन | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पंद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ४ | क.अ. | श्री अकिल अमात्य | |
| ५ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |

<u>प्रस्तावहरु</u>

१) शोक बिदा सम्बन्धमा ।

२) प्रदेश समपुरक र विशेष अनुदान छनौट सम्बन्धमा

३) विविध

<u>निर्णय नं . १</u>

कीर्तिपुर नगरपालिका १ नं. वडाका वडा अध्यक्ष श्री हिरालाल महर्जनज्यूको मिति २०८० फाल्गुन २४ गते असामयिक निधन भएकोमा दुःख व्यक्त गर्दैं दिबंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने ।साथै यस दुखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक

समबेदना व्यक्त गर्ने र उक्त शोकको घडीमा मिति २०८० फाल्गुन २४ गते नगरपालिकाबाट भएको शोक बिदाको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

<u>निर्णय नं . २</u>

बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८०/१०/०२ ,प.सं.१३/२०८०/२०८१, च.नं. ५८० प्रदेश समपुरक अनुदान र प्रदेश बिशेष अनुदान आ.व. २०८१/२०८२ का लागि प्रस्ताब सम्बन्धमा प्राप्त पत्रानुसार तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरु छनौट गरी पठाउने निर्णय गरीयो ।

क) प्रदेश समपुरक अनुदानका लागि छनौट भएका योजनाहरु

१) कीर्तिपुर नगरपालिका वडा नं.६ ढुंगेघर-राम मन्दिर-शुभकामना स्कुल हुदै आचार्य टोल सडक स्तरोन्नती

२) कीर्तिपुर नगरपालिका वडा नं.६, चारघरे-पाण्डेछाप सडक स्तरोन्नती

३) कीर्तिपुर नगरपालिका वडा नं.१०, खेलकुद मैदानमा ब्याडमिन्टन कोड

४) कीर्तिपुर नगरपालिका वडा नं.९, बागमती किनार सुन्दरीघाटमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना

५) कीर्तिपुर नगरपालिका वडा नं.४, जगदेउडाँडामा पर्यटन पूर्बाधार निर्माण

ख) प्रदेश विशेष अनुदानका लागि छनौट भएका योजनाहरु

१) कीर्तिपुर नगरपालिका वडा नं.१० मा बसपार्क निर्माण

२) वडा नं. ४,५ र ६ मा बोसन खोला भू-क्षय नियन्त्रण

३) बिष्णुदेबी अस्पतालमा वर्थिङ सेन्टर स्थापना

<u>निर्णय नं . ३</u>

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म / कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | ब्लु हर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री देबेन्द्र महर्जन | ८ | कीर्तिपुर, पाँगा, भुजिन्द | |

<u>निर्णय नं ४</u>

कीर्तिपुर नगरपालिकाबाट नियुक्त भई करार सेवामा सामुदायिक बिद्यालयहरुमा कार्यरत भाषा शिक्षकहरुको करार म्याद २०८१ असार मसान्त सम्म थप गर्ने निर्णय गरीयो ।